# सरकारी रूखहरू हटाउने सम्बन्धी मापदण्ड, २०७१

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९/१२/०२ को बैठकबाट **"अब आइन्दा रुख काट्ने सम्बन्धमा मन्त्रालय र मातहतका निकायले समेत कार्यान्वयन गर्न सक्ने गरी मापदण्ड तयार गरी स्वीकृतीका लागि पेश गर्ने"** निर्णय भएकोले विकास निर्माण, सामाजिक हित वा धनजनको सुरक्षाको दृष्टिकोणले रुखहरु हटाउनु परेमा मन्त्रिपरिषद्मा पेश गरी निर्णय गराउनु पर्ने प्रकृयालाई सरलीकरण गर्न प्रस्तुत मापदण्ड, २०७१ जारी गरिएको छ।

१. नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णयले अन्य प्रयोजनका लागि प्रयोग गर्न दिईएको राष्ट्रिय वन क्षेत्रको जग्गामा भएका रुखहरु हटाउन परेमा वन तथा भू-संरक्षण मन्त्रालयले हटाउने निर्णय गर्ने छ।

२. नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णयले अन्य सरकारी निकाय (नेपाली सेना, नेपाल प्रहरी आदि) लाई प्रयोग गर्न दिईएको वन क्षेत्रको जग्गामा भौतिक संरचना निर्माण गर्ने क्रममा हटाउनु पर्ने रुखहरु सम्बन्धित मन्त्रालयको अनुरोधमा वन तथा भू-संरक्षण मन्त्रालयले हटाउने निर्णय गर्ने छ।

३. नेपाल सरकारबाट मुक्त कमैया, पुनर्वास वा यस्तै प्रकृतिका बसोबास प्रयोजनका लागि उपलब्ध गराइएका वन क्षेत्रमा रहेका रुखहरु सम्बन्धित मन्त्रालयको अनुरोधमा वन तथा भू-संरक्षण मन्त्रालयले हटाउने निर्णय गर्ने छ।

४. सडक छेउमा रहेका रुखहरु सडक विस्तारको क्रममा वा अन्य कुनै कारणबाट हटाउनु पर्ने भएमा सडक विभागको निर्णय तथा यसै मापदण्डको दफा १० बमोजिमको समितिले जाँचबुझ गरी सिफारिश गरेमा वन विभागको स्वीकृति लिई जिल्ला वन कार्यालयले उक्त रुखहरु हटाउन स्वीकृति दिन सक्ने छ। सम्बन्धित निकायले उक्त रुखहरु आफ्नै खर्चमा कटान मुछान तथा ढुवानी गरी उत्पादन भएका वन पैदावारहरु सम्बन्धित जिल्ला वन कार्यालयलाई बुझाउनु पर्ने छ।

५. जग्गाधनि प्रमाणपूर्जा भएका सरकारी कार्यालय, संस्थान, समिति कार्यालयका हाता भित्रका रुखहरु हटाउन पर्ने भएमा सम्बन्धित कार्यालयको विभागीय निर्णयको आधारमा यसै मापदण्डको दफा १० बमोजिमको समितिले जाँचबुझ गरी सिफारिश गरेमा जिल्ला वन कार्यालयले उक्त रुखहरु हटाउन स्वीकृती दिन सक्ने छ। कटान स्वीकृत पाएका रुखहरु सम्बन्धित निकायले आफ्नै खर्चमा कटान मुछान गरी उत्पादन भएका वन पैदावारहरु प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी आएको रकम राजश्वमा दाखिला गर्नु पर्ने छ।

६. वन क्षेत्र बाहेकका जग्गाधनि प्रमाणपूर्जा नभएका सरकारी कार्यालय, संस्थान, समिति कार्यालय, सार्वजनिक स्थल तथा अन्य निकायको स्वामित्वमा रहेका जग्गामा भएका रुखहरु नहटाएमा "धनजनको क्षति हुने अवस्था रहेको" भनि सम्बन्धित निकायबाट अनुरोध भई यसै मापदण्डको दफा १० बमोजिमको समितिले जाँचबुझ गरी सिफारिश गरेमा जिल्ला वन कार्यालयले उक्त रुखहरु हटाउन स्वीकृति दिन सक्नेछ।

सम्बन्धित निकायले उक्त रुखहरु आफ्नै खर्चमा कटान मुछान तथा ढुवानि गरी उत्पादन भएका वन पैदावारहरु जिल्ला वन कार्यालयलाई बुझाउनु पर्ने छ ।

७ स्थानिय विकास आयोजना संचालन गर्ने क्रममा वन क्षेत्र वाहेकका स्थानिय गाउँ विकास समिति/नगरपालिकाको स्वमित्वमा भएका सार्वजनिक जग्गाहरुमा भएका रुखहरु नहटाई नहुने भएमा सबन्धित आयोजनाको अनुरोधमा दफा १० बमोजिमको समितिले जाचबुझ गरी सिफारिश गरेमा जिल्ला वन कार्यालयले उक्त रुखहरु हटाउन स्वीकृती दिन सक्नेछ । यसरी कटान भएका रुखहरुको सख्यालाई २५ ले गुणा गर्दा हुने संख्या बराबरका विरुवाहरु सम्बन्धित गाउँ विकास समिति/नगरपालिकाकाले आफ्नो स्वामित्वमा रहेका त्यस्तै अन्य सार्वजनिक जग्गाहरुमा बृक्षरोपण गरी संरक्षण गर्नु पर्ने छ ।

८ स्थानिय समुह गठन तथा परिचालन गरी सार्वजनिक जग्गामा लगाईएका रुख विरुवाहरु कटान गरी ओसारपसार गर्न जिल्ला विकास समितिको सिफारिशमा जिल्ला वन कार्यालयले स्वीकृति दिन सक्ने छ ।

९. यस मापदण्ड बमोजिम कटान भएका रुखहरुबाट उत्पादित वन पैदावारको स्वामित्व अन्यथा लेखिएकामा बाहेक नेपाल सरकारको हुने छ ।

१० यस मापदण्डको प्रयोजनको लागि तल उल्लेख भए अनुसारको जाँचबुझ समिति रहने छ । जाँचबुझ समितिले कटान अनुरोध अनुसारको रुखहरुको जाँच गर्ने तथा कटान हुने क्षेत्र र रुखहरुको अनुगमनको साथै रोपाउनु पर्ने बिरुवाको सख्या र मापदण्ड सिफारिश गर्ने काम समेत गर्ने छ । अनुगमनमा लाग्ने खर्च सम्बन्धित कार्यालय/आयोजनाले नै ब्यहोर्नुपर्ने छ ।

<u>जाँचबुझ समिति</u>

| | |
|---|---|
| १. जिल्ला वन अधिकृत – | संयोजक |
| २. जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि – | सदस्य |
| ३. मालपोत कार्यालयको अधिकृत प्रतिनिधि – | सदस्य |
| ४. नापी कार्यालयको अधिकृत प्रतिनिधि – | सदस्य |
| ५. जिल्ला भू संरक्षण कार्यालयको अधिकृत प्रतिनिधि– | सदस्य |
| ६. जिल्ला विकास समितिको अधिकृत प्रतिनिधि– | सदस्य |
| ७. सम्बन्धित आयोजना/कार्यालय/निकायका प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि – | सदस्य सचिव |